संघीय संसद
प्रतिनिधि सभा
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या-२७**

मितिः-२०८१/०२/२८

**छलफल तथा निर्णयः**

समितिको आजको बैठकमा **"हालसम्मको बेरुजु, बेरुजु फस्यौंटको अवस्था, समस्या र समाधान"** कार्यसूचीमाथि अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र कुमारीचोक तथा केन्द्रीय तहसील कार्यलयसँग छलफल
भयो । आजको बैठकमा भएको छलफलका आधारमा देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

१. देशमा बेरुजु क्रमशः बढोत्तरी हुँदै गइरहेको छ भने २०५९/०६० सम्मका पूराना बेरुजुको लगत कट्टा तथा सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने कार्य अझै पनि बाँकी रहेको सन्दर्भले हाम्रो विगत र वर्तमानको आर्थिक सुशासन र वित्तीय अनुशासनको अवस्था चित्रित गर्दछ । पूराना असुलउपर गर्नुपर्ने बेरुजुहरुलाई निश्चित समयभित्रै फस्यौंट नगरेमा आगामी दिनको बेरुजुको आयतन बढ्ने निश्चित छ। तसर्थः

- कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी कार्यालय प्रमुख हुने गरी व्यवस्थापन गर्न र आवश्यक पर्ने जनशक्ति थप गर्न तत्काल संगठन तथा व्यवउस्थापन सर्वेक्षण गर्न, गराउन,
- बेरुजु फस्यौंट समितिको सचिवालयको रुपमा समेत यस कार्यालयले कार्य गर्ने भएकोले उक्त समितिमा रहने सदस्यहरु शीघ्र तोक्न (सार्वजनिक लेखा समितिले उक्त समितिको अध्यक्ष तोकीसकेको) र उक्त समितिको कार्यालय तत्काल व्यवस्थापन गरी कार्यसम्पादनलाई अगाडी बढाउन,
- कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयले नियमानुसार असुलउपर गर्ने कार्यमा सम्बन्धित निकायहरुले आवश्यक सहयोग पुऱ्याउन,
- असुलउपर गर्नुपर्ने पूराना अभिलेखलाई सुरक्षित राखुपर्ने र कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय भाडामा रहेकोले यस्ता अभिलेखहरु संरक्षण गर्न चुनौती हुने कारण पनि यस कार्यालयलाई शीघ्र सरकारी खाली भवन उपलब्ध गराउन,

समितिको यो बैठक नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र सम्बद्ध निकायहरुलाई निर्देश गर्दछ ।

२. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्नपश्चात पनि सञ्चालनमा आउन नसकेको तथा निर्माण पक्षहरुमा त्रुटिहरु समेत रहेको भन्ने सम्बन्धमा समितिले दुई टोली बनाई शीघ्र स्थलगत अध्ययन भ्रमण गर्ने ।

३. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ।